मुक्तिनाथ विकास बैंक लिमिटेड
उन्नाइसौं वार्षिक साधारण सभाको
काम कारवाहीको विवरण
(माइन्यूट)

१) वैधानिक सभा :

कम्पनी ऐन २०६३ र मुक्तिनाथ विकास बैंक लिमिटेडको नियमावली बमोजिम बैंकको उन्नाइसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री खिम प्रकाश मल्लज्यूको अध्यक्षतामा मिति २०८२ कार्तिक १५ गते शनिवार तदनुसार नोभेम्बर १, २०२५ का दिन होटल पोखरा ग्राण्ड, पार्दी, विरौटा, पोखरामा बिहानको १०.०० बजे पूर्व निर्धारित विषयहरुमा छलफल गर्न बैठक बस्यो ।

२) <u>सभा बस्ने सम्बन्धी सूचना जारी</u> :

कम्पनी ऐन २०६३ को दफा ७६ र यस कम्पनीको नियमावली बमोजिम मिति २०८२ असोज १० गते बसेको सञ्चालक समितिको ३५९ औं बैठकको निर्णय बमोजिम, यस विकास बैंकको उन्नाइसौं वार्षिक साधारण सभाका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम २१ दिन अगावै वार्षिक साधारण सभाको सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था बमोजिम मिति २०८२ असोज १२ गते **कारोवार राष्ट्रिय दैनिक** र २०८२ असोज २४ गते **आर्थिक अभियान राष्ट्रिय दैनिक** पत्रिकामा प्रकाशित गरी सवै सेयरधनी महानुभावहरुलाई जानकारी गराइएको थियो ।

३) छलफलका विषयहरु :

सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०८१/०८२ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हालका लेखापरीक्षक श्री ए. पी. एण्ड एशोसिएट्स, चाटर्ड एकाउण्टेन्ट्स पुनः नियुक्ति हुनका लागि योग्य हुनुहुन्छ ।)

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम साधारण सेयर तर्फको चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को ४.६७ प्रतिशतले हुने रकम रु.३२,९०,९२,००६.८९ (अक्षरेपी बत्तीस करोड नब्बे लाख बयानब्बे हजार छ रुपैयाँ उनान्नब्बे पैसा मात्र) (बोनस सेयर र नगद लाभांशको कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

विशेष प्रस्तावहरु :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण सेयर तर्फको हाल कायम चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को १३.५३ प्रतिशतले हुने रकम रु.९५,३४,५०,७१८.०३ (अक्षरेपी पन्चानब्बे करोड चौतीस लाख पचास हजार सात सय अठार रुपैयाँ तीन पैसा मात्र) बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

मुक्तिनाथ विकास बैंक लि. केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाडौं

२. विकास बैंकको साधारण सेयर तर्फको चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को १३.५३ प्रतिशतले हुने रकम रु.९५,३४,५०,७१८.०३ (अक्षरेपी पन्चानब्बे करोड चौतीस लाख पचास हजार सात सय अठार रुपैयाँ तीन पैसा मात्र) बोनस सेयर वितरण पश्चात साधारण सेयर तर्फ रु.८,००,०३,८८,७६७.११ (अक्षरेपी आठ अर्ब तीन लाख अठासी हजार सात सय सतसठ्ठी रुपैयाँ एघार पैसा मात्र) र गत वर्ष पारित भएको रु.१,००,००,००,०००.०० (अक्षरेपी एक अर्ब मात्र) को अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी भए पश्चात बैंकको जारी तथा चुक्ता पूँजी रु.९,००,०३,८८,७६७.११ (अक्षरेपी नौ अर्ब तीन लाख अठासी हजार सात सय सतसठ्ठी रुपैयाँ एघार पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने ।

३. विकास बैंकको १९ औं साधारण सभामा प्रस्ताव भए बमोजिम पूँजी वृद्धि पश्चात, नेपाल राष्ट्र बैंकले तोकेको प्रावधान अनुसार यस विकास बैंकलाई वाणिज्य बैंकमा स्तरोन्नतिको लागि आवश्यक प्रकृया अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने ।

४. सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको सेवा सुविधा पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने ।

५. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

६. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

७. **विविध :**

द्रष्टव्यः उन्नाइसौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८२ असोज ३१ गते, शुक्रबार (१ दिन) यस विकास बैंकको सेयर दाखिल खारेज बन्द (Book Closed) हुने व्यहोरा सेयरधनी महानुभावहरुलाई जानकारी गराउने ।

४)उपस्थिति :

४.१) सञ्चालकहरुको उपस्थिति :

१) श्री खिम प्रकाश मल्ल	–	अध्यक्ष
२) श्री नारायण कुमार श्रेष्ठ	–	सञ्चालक
३) श्री भरत प्रसाद लम्साल	–	सञ्चालक
४) श्री विनोद कुमार शर्मा	–	सञ्चालक
५) श्री सरोजा श्रेष्ठ कोइराला	–	सञ्चालक
६) श्री उमेश कुमार आचार्य	–	स्वतन्त्र सञ्चालक

मुक्तिनाथ विकास बैंक लि. केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाडौं

४.२) <u>पदाधिकारी :</u>

१) प्रद्युमन पोखरेल – प्रमुख कार्यकारी अधिकृत

२) डण्डपानी ढकाल - कम्पनी सचिव

५) <u>गणपुरक संख्या :</u>

विवरण	कुल संख्या	स्वयम् उपस्थिती	प्रतिनिधद्धारा उपस्थिती	जम्मा उपस्थिती	प्रतिनिधित्व प्रतिशत
सेयरधनी संख्या	५३,३७२.००	७१५	६९	७८४	१.४६
सेयर संख्या	७,०४,६९,३८०.४९	३,३२,१४,११८.००	५५,९८,१६७.००	३,८८,१२,२८५.००	५५.०८

६) <u>सभाको वैधानिकता र सभापतित्व :</u>

कम्पनी ऐन २०६३ को दफा ७३ मा साधारण सभामा कम्पनीको विक्री भएको जम्मा सेयर संख्याको ५०% भन्दा बढि सेयरको प्रतिनिधित्व हुने गरी खरिद गर्ने कुल सेयरधनी मध्ये कम्तीमा ३ जना सेयरधनीहरुको स्वयम् वा निजका प्रतिनिधिहरु मार्फत उपस्थित भएमा सभाको लागि गणपूरक संख्या पुगेको मानिने प्रावधान भए अनुरुप नै यस संस्थाको कूल ७,०४,६९,३८०.४९ कित्ता मध्ये ३,३२,१४,११८.०० सेयर कित्ताका ७१५ जना सेयरधनीहरु स्वयम् उपस्थित र ५५,९८,१६७.०० सेयर कित्ताका ६९ जना प्रतिनिधिद्वारा उपस्थित भई कूल सेयरधनीको १.४६ प्रतिशत र कुल सेयर संख्याको ५५.०८ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन २०६३ र यस विकास बैंकको नियमावली अनुसार उन्नाइसौं वार्षिक साधारण सभाको गणपुरक संख्या पुगेको जानकारी सभालाई कम्पनी सचिव श्री डण्डपानी ढकालले गराउनु भयो ।

उन्नाइसौं वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेकोले, कम्पनी सचिव श्री डण्डपानी ढकालले कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री खिम प्रकाश मल्लज्यूलाई उन्नाइसौं बार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरिदिनुहुन अनुरोध गर्नु भयो र श्री अध्यक्षज्यूबाट सभाको सभापतित्व ग्रहण भयो ।

कार्यक्रम सञ्चालक श्री डण्डपानी ढकालले सभाको शुरुवात गर्न स्विकृतीको लागि सभाको अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो र अध्यक्षको अनुमति लिई कम्पनी सचिवद्धारा बिहानको १०:३० बजे वैधानिक रुपमा सभाको औपचारिक कार्यक्रम अगाडी बढाईयो ।

७) <u>अतिथी तथा पर्यवेक्षक साथै विशिष्ट व्यक्तिको आसन ग्रहण :</u>

कार्यक्रम सञ्चालकले उन्नाइसौं वार्षिक साधारण सभामा उपस्थित संस्थाका सञ्चालकहरु, संस्थापक सेयरधनी महानुभावहरु, सर्वसाधारण सेयरधनीहरु, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यावस्थापन तहमा कार्यरत कर्मचारीहरु, उपस्थित अन्य कर्मचारी तथा सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई आसन ग्रहण गराइयो । साथै सञ्चालक समितिको तर्फबाट स्वागत मन्तब्य सञ्चालक श्री भरत प्रसाद लम्सालले गर्नु भयो । प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेलले संस्थाको बर्तमान अवस्था र भावी कार्यक्रमका बारेमा प्रस्ट पार्दै आफ्नो प्रतिबद्धता सहित शुभकामना मन्तव्य दिनुभयो । यसैगरी कम्पनी सचिव श्री डण्डपानी ढकालले उन्नाइसौं बार्षिक साधारण सभाका प्रस्तावहरु क्रमश सभा समक्ष प्रस्तुत गर्नु भयो ।

८) बार्षिक साधारण सभाको प्रस्तुती :

८.१) सभाको काम कारवाहि अगाडी बढाउने क्रममा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित संचालक समितिको तर्फबाट आ.व.०८१/०८२ को वार्षिक प्रतिवेदन पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

८.२) तत्पश्चात अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. ०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब,नगद प्रवाह लगायतका विवरणहरु उपर छलफल गर्न सभा समक्ष पेश गर्नु भयो ।

८.३) यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०८०/०८१ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफलका लागि सभा समक्ष पेश गरियो ।

८.४) त्यसैगरी आ.व.०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धी प्रतिवेदन पेश गर्न कम्पनी सचिवले लेखा समितिका संयोजक तथा सञ्चालक श्री उमेश कुमार आचार्यलाई अनुरोध गर्नु भयो ।

८.५) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम साधारण सेयर तर्फको चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को ४.६७ प्रतिशतले हुने रकम रु.३२,९०,९२,००६.८९ (अक्षरेपी बत्तीस करोड नब्बे लाख बयानब्बे हजार छ रुपैयाँ उनान्नब्बे पैसा मात्र) (बोनस सेयर र नगद लाभांशको कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव गर्ने प्रस्ताव सभा समक्ष पेश गरियो ।

८.६) त्यसैगरी **विशेष प्रस्तावहरु** अन्तर्गत सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण सेयर तर्फको हाल कायम चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को १३.५३ प्रतिशतले हुने रकम रु.९५,३४,५०,७१८.०३ (अक्षरेपी पन्चानब्बे करोड चौतीस लाख पचास हजार सात सय अठार रुपैयाँ तीन पैसा मात्र) बोनस सेयर वितरण गर्ने प्रस्ताव सभा समक्ष पेश गरियो ।

८.७) विकास बैंकको साधारण सेयर तर्फको चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को १३.५३ प्रतिशतले हुने रकम रु.९५,३४,५०,७१८.०३ (अक्षरेपी पन्चानब्बे करोड चौतीस लाख पचास हजार सात सय अठार रुपैयाँ तीन पैसा मात्र) बोनस सेयर वितरण पश्चात साधारण सेयर तर्फ रु.८,००,०३,८८,७६७.११ (अक्षरेपी आठ अर्ब तीन लाख अठासी हजार सात सय सतसठ्ठी रुपैयाँ एघार पैसा मात्र) र गत वर्ष पारित भएको रु.१,००,००,००,०००.०० (अक्षरेपी एक अर्ब मात्र) को अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी भए पश्चात बैंकको जारी तथा चुक्ता पूँजी रु.९,००,०३,८८,७६७.११ (अक्षरेपी नौ अर्ब तीन लाख अठासी हजार सात सय सतसठ्ठी रुपैयाँ एघार पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव सभा समक्ष पेश भयो ।

८.८ विकास बैंकको १९ औं साधारण सभामा प्रस्ताव भए बमोजिम पूँजी वृद्धि पश्चात, नेपाल राष्ट्र बैंकले तोकेको प्रावधान अनुसार यस विकास बैंकलाई वाणिज्य बैंकमा स्तरोन्नतिको लागि आवश्यक प्रकृया अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने प्रस्ताव सभा समक्ष पेश भयो ।

८.९ सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको सेवा सुविधा पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव सभा समक्ष पेश गरियो ।

८.१०) मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (एक्विजिशन)/गाभ्ने वा गाभिने (Acquition/Merger),प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतीपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन गर्ने, सम्पत्ति दायित्वको मुल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उल्लेखित कार्यसँग सम्वन्धित अन्य आवश्यक गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पेश गर्नु भयो ।

८.११) साथै प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको ब्यक्तिलाई अख्तियारी दिने प्रस्ताव सभा समक्ष पेश गर्दै प्रतिबेदन उपर छलफल गरि आ-आफ्नो विचार व्यक्त गर्न, सल्लाह सुझाव दिन तथा जिज्ञासा एबम् प्रश्न गर्न इच्छुक सेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले आह्वान गर्नु भयो ।

९) छलफलमा सहभागी हुने सेयरधनीहरुको प्रस्तुतीकरण : -

९.१) **सेयरधनी बुद्धि सागर बरालले** वार्षिक प्रतिबेदनमा सबै कुराहरु समेटिएको छ तर ८५ प्रतिशत अंग्रेजीमा भएको हुँदा सबै सेयरधनीहरुले बुझ्न नसक्ने बताउनुभयो । बैंकले दिएको लाभांश सकारात्मक रहेको र आगामी दिनमा समेत यो भन्दा राम्रो प्रतिफल दिन सकोस भन्ने शुभकामना दिनुभयो । बैंकका सबै इन्डीकेटरहरु राम्रो रहेको बताउँदै हामीले यो बैंकलाई विगतदेखिनै "क" वर्गको वाणिज्य बैंक बन्नुपर्छ भन्दै आएको हो हाल यो प्रस्ताव आएको हुँदा यसलाई सफल वनाउनुपर्छ भन्नुभयो । अग्राधिकार सेयरमा सर्वसाधारणले लगानी गर्न पाउने वा नपाउने तथा बैंकमा राखेको निक्षेप र लकरको सामानको सुरक्षाको ग्यारेण्टी गर्ने आधारको बारेमा जिज्ञासा राख्नुभयो । कर्मचारी तालिम खर्चको रकमको श्रोत, Audited र Unaudited रिपोर्टमा Impairment चार्ज रकममा फरक पर्नुको कारण तथा मुक्तिनाथ क्यापिटल र मुक्तिनाथ कृषिमा गरेको लगानीको प्रतिफलको अवस्थाको बारेमा जिज्ञासा राख्दै वार्षिक प्रतिबेदनमा भावी योजना स्पष्ट आउनुपर्ने, बैंकको खराव कर्जा व्यवस्थापन तथा गैर बैंकिङ्ग सम्पत्ती व्यवस्थापनमा चनाखो रहन सुझाव दिनुभयो । त्यसैगरी मर्जरको विषयलाई गम्भिरताका साथ हेरी लगानीकर्ताहरुको हित संरक्षण गर्ने तर्फ ध्यान दिन सुझाव दिनुभयो ।

९.२) **सेयरधनी कमल न्यौपानेले** साधारण सभामा बोल्न चहाने सेयरधनीहरुलाई प्रयाप्त समय दिनुपर्ने धारण राख्नुभयो । वार्षिक प्रतिबेदन नेपालीमा भइदिएको भए सबै सेयरधनीहरुले बुझ्न सहज हुने बताउनुभयो । साधारण सभा समयमानै भएको प्रति खुशि व्यक्त गर्दै अझ दशैं आगाडी भइदिएको भए सबै सेयरधनिहरु खुशी

हुने धारयणा व्यक्त गर्नुभयो । साधारण सभा पोखरामा भएको प्रति धन्यबाद दिँदै आगामी दिनमा वार्षिक प्रतिवेदनमा साभारण सभाको फोटो राख्न सुझाव दिनुभयो । अहिलेको समयमा सञ्चालक समितिको सेवा सुविधा परिवर्तन नगरी आगामी साधारण सभामा गर्दा राम्रो हुन्थ्योकी भन्ने धारण व्यक्त गर्नुभयो । बैंकको स्तरोन्तीको लागि शुभकामना दिँदै बैंकलाई स्तरोन्नती गर्दा मर्जर नगरी गर्नपाए राम्रो हुने बताउनुभयो । शाखामा जाने ग्राहकहरुलाई कर्मचारीहरुले राम्रो व्यवहार गरी सोही अनुसारको सेवा प्रदान गर्न सुझाव दिनुभयो ।

९.३) **सेयरधनी श्रीराम गौतमले** समयमानै साधारण सभा गरेकोमा सुभकामना दिँदै १८.२० प्रतिशत लाभाँश वितरण गरेकोमा धन्बाद दिनुभयो । गत वर्ष लाभांश वितरण नगरेको हुँदा यसलाई बढी भन्न नमिल्ने बताउनुभयो । बैंकको आम्दानीलाई हेर्दा सेयरधनीहरुलाई वितरण गर्ने लाभाँश रकम कम भएको हो की भन्नुभयो । विगतमा मर्ज भएका बैंकहरुको उदाहरण दिंद मर्जर त्यती उपयुक्त नहुने धारणा व्यक्त गर्नुभयो । स्तरोन्नती गर्ने सदर्भमा मर्ज नगरी स्तरोन्ती गर्न सुझाव दिनुभयो । कम दुरिमा शाखा कार्यालयहरु रहेको हुँदा सबै शाखा सबल छन की छैनन भन्ने जिज्ञासा राख्नु भयो । सम्भव भएसम्म नजिकका शाखालाई मर्ज गरी कर्मचारी खर्च घटाउन सुझाव दिनुभयो । विगतको तुलनामा खराव कर्जा बढेको प्रति चिन्ता व्यक्त गर्दै व्यवस्थापन गर्न सुझाव दिनुभयो । हालसालै भएको जेन्जी आन्दोलनमा व्यक्तिगत सम्पत्तीमा समेत क्षती पुऱ्याएको हुँदा यस किसिमका घटनाले पूँजी पलायनको सम्भावना देखिएको र यसले बैंक तथा वित्तीय संस्थाहरुमा समेत असर गर्ने हुँदा सजग रहन सुझाव दिनुभयो । सञ्चालक समितिका सेवा सुबिधा थप गर्ने सन्दर्भमा समय सापेक्ष गर्नुहोला भन्ने सुझाव दिनुभयो । सामाजिक सुरक्षमा के कस्तो लगानी रहेको छ भन्ने जिज्ञासा राख्दै संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी खर्चको उचित व्यवस्थापन गर्न सुझाव दिनुभयो ।

९.४) **सेयरधनी संकल्प ढकालले** साधारण सभा ठुली एकादशीको दिन राखिएको हुँदा यस्तो पर्वको दिन नपरेको भए अझ बढी सेयरधनीहरुको सहभागिता हुने थियो भन्नुभयो । स्तरोन्तीको विषय स्वगतयोग्य छ, बैंकलाई अपग्रेड गर्नु राम्रो हो । बैंकका इण्डिकेटरहरु राम्रा छन्, यो लाभाँश २ वर्षको हो, थोरै भएपनी लभाँश वार्षिक रुमा दिंदा राम्रो हुन्छ भन्नुभयो । खराव कर्जाको फिगर ठूलो भएकोले यसलाई सुधार गर्नुपर्ने, कर्जा दिने बेलामानै बिचार पुऱ्याएर दिनुपर्ने, कृषी तथा साना कर्जालाई प्राथमिकतामा राखी कर्मचारी व्यवस्थापनमा विषेश ध्यान दिनुपर्छ भन्ने सुझाव राख्नुभयो ।

९.५) **सेयरधनी श्री राम प्रसाद पोखेलले** यो बैंक स्थापना गर्न योगदान दिने सुरुका सेयरधीहरुलाई सम्मान व्यक्त गर्नुभयो । १८.२० प्रतिशत लाभांश दिन सफल भएकोमा व्यवस्थापन तथा कर्मचारिहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । यो विकास बैंकलाई "क" वर्गको वाणिज्य बैंकमा स्तरोन्ती गर्न आवश्यक रहेको भन्दै अन्य बैंक तथा वित्तीय संस्थासँग मर्ज नगरी स्तरोन्ती गर्न सुझाव दिनुभयो । विगतका विषम परिस्थितिले गर्दा लाभाँश कम भएको हुँदा आगामी दिनमा सेयरधनिहरुलाई राम्रो प्रतिफल दिनेगरी काम गर्न सुझाव दिनुभयो ।

९.६) **सेयरधनी श्रीकृष्ण रेग्मीले** औषधी तितो हुन्छ तर त्यसले फाइदा गर्छ भन्दै मन्तव्यको सुरुवात गर्नुभयो । बैंकको सञ्चालक समितिले निर्णय गर्दा बिचार पुऱ्याएर गर्नुहोला । निर्णय गर्दा बुद्दि पुऱ्याउन सकिएन भने पछी पछुताउनुपर्ने अवस्था आउन सक्छ । "क" वर्गको वाणिज्य बैंक बनाउने कुरा राम्रो हो तर सेयरधनीहरुको हितलाई पनी मध्यनजर गर्नुहोला । लाभाँशमा कमी हुन नदिन र सेयरको भ्यालु घट्न नदिने तर्फ सजग हुन आग्रह गर्नुभयो । गत वर्ष लाभाँश नदिएको र यस वर्ष लाभाँशको साथसाथै सञ्चालकका सेवा सुविधा बृद्दि गर्ने प्रस्ताव आएको हुँदा समय सापेक्ष हुनेगरी बृद्धि गर्न सुझाव दिनुभयो ।

मुक्तिनाथ विकास बैंक लि. केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाडौं

९.७) **लिखित रुपमा प्राप्त सेयरधनीहरुका सल्लाह सुझावहरु निम्न अनुसार रहेका छन् ।**

क) **सेयरधनी निरुपमा गुप्ताले** बैंकका सबै इन्डीकेटरहरु पोजेटिभ रहेको र १८.२० प्रतिशतको लाभाँश दिन सफल भएकोमा बैंक सञ्चालक समिति र व्यवस्थापनलाई धन्यबाद ज्ञापन गर्नुभएको छ । CSR को रकम असहाय बलाबालिका र पिछडा बर्गको शैक्षिक स्तर बृद्धिमा खर्च गर्न अनुरोध गर्नुभएको छ । AGM काठमाण्डौ तथा अन्यत्र पालैपालो गर्न सुझाव दिनु भएको छ । खर्चमा मिव्ययिता अपनाउन सुझाव दिदै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको छ ।

ख) **सेयरधनी श्री सुदिप श्रेष्ठले** समयमानै साधारण सभा गर्न सफल भएको हुँदा यसले बैंकको संस्थागत सुशासन समेत राम्रो रहेको संकेत गर्छ भन्नु भएको छ । १८.२० प्रतिशतको लाभाँश प्रस्ताव गर्न सकेकोमा सञ्चालक समिति र व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यबाद ज्ञापन गर्नुभएको छ । NPL घटाउन सुझाव दिदै CSR को रकम जेन्जी आन्दोलनबाट नष्ट भएका राष्ट्रिय धरोहरका संरचना निर्माणमा खर्चगर्न सुझाव दिनुभएको छ । बैंकको उन्नती र प्रगतीमा समर्पित सञ्चालक समिति र कर्मचारीहरुलाई धन्वाद दिनु भएको छ ।

ग) **सेयरधनी श्री बैजुनाथ रौनियारले** बैंकले यस आ.व.मा सेयरधनिहरुलाई प्रदान गरेको १८.२० प्रतिशतको लाभाँशले सेयरधनीहरु उत्साहित भएको र बैंक प्रति विश्वास बढ्दै गएको बताउनु भएको छ । यो विकास बैंकलाई वाणिज्य बैंकमा स्तरोन्नती गर्न आवश्यक पर्ने पूँजी बोनस सेयर बितरण पश्चात पुग्ने हुँदा यो सेयरधनीहरुको हितमा छ भन्दै आगामी दिनमा यो बैंक अझै मजबुत भएर जाने धारण व्यक्त गर्नुभएको छ । यस बैंकले बैंकका विभिन्न समितिहरुबाट प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्दै गएकोमा खुशी व्क्त गर्नुभएको छ । बैंकका सूचकाङ्कहरु राम्रा रहेको भएपनी गत वर्ष भन्दा NPL बढेको हुँदा यसलाई सुधार गर्नुपर्ने सुझाव दिनुभएको छ । वार्षिक प्रतिबेदनमा सबै विवरणहरु भएकोले धेरै विषयको जानकारी यसै बाट प्राप्त भएको भन्दै यो विकास बैंक वाणिज्य बैंकमा स्तरोन्नती हुन लागेकोमा खुसी व्यक्त गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको छ ।

१०) **सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू र व्यवस्थापनको तर्फबाट प्र.का.अ को प्रतिउत्तर :**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले र व्यवस्थापनको तर्फबाट प्रमुख कार्यकारी अधिकृतले सेयरधनी महानुभावहरुबाट आएका विभिन्न सल्लाह सुझाव तथा जिज्ञासाहरुका लागि स्वागत गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दै सेयरधनी महानुभावहरुले उठाउनु भएका जिज्ञासाहरुको बारेमा बुँदागत रुपमा स्पष्ट पार्नुभयो ।

११) **सभाका निर्णयहरु :** कम्पनी सचिवले साधारण सभाका प्रस्तावहरुलाई निर्णयका लागि क्रमश सभा समक्ष प्रस्तुत गर्दै निर्णय गर्नका लागि अनुरोध गर्नुभयो ।

सामान्य प्रस्तावहरु तर्फ :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतीले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु सर्वसम्मतीले पारित गरियो ।

३. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०८०/०८१ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरणहरु सर्वसम्मतीले पारित गरियो ।

४. आ.व.२०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा लेखा परीक्षण समितिका संयोजक श्री उमेश कुमार आचार्यले प्रस्ताव गरे बमोजिम नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्ता नं. ६३०, आन्तरीक राजश्व कार्यालय काठमाण्डौंमा स्थायी लेखा नम्बर ६०२८६३५००, ठेगाना काठमाण्डौ महानगरपालिका वडा नं ३२, अनामनगर स्थीत ए. पी. एण्ड एसोसियट्सलाई नियुक्ति गर्ने तथा पारिश्रमिक सम्बन्धमा बैधानिक लेखा परीक्षण शुल्क, एल. एफ. आर शुल्क, कर परिक्षण, कम्पनी ऐन दफा ७८ तथा यातायात, बास, खाना खर्च र मु.अ. कर सहित एकमुष्ट रु. २५,००,०००/- (अक्षरेपी पच्चीस लाख रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

मुक्तिनाथ विकास बैंक लि.

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम साधारण सेयर तर्फको चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को ४.६७ प्रतिशतले हुने रकम रु.३२,९०,९२,००६.८९ (अक्षरेपी बत्तीस करोड नब्बे लाख बयानब्बे हजार छ रुपैयाँ उनान्नब्बे पैसा मात्र) (बोनस सेयर र नगद लाभांशको कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

विशेष प्रस्तावहरु तर्फ :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण सेयर तर्फको हाल कायम चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को १३.५३ प्रतिशतले हुने रकम रु.९५,३४,५०,७१८.०३ (अक्षरेपी पन्चानब्बे करोड चौतीस लाख पचास हजार सात सय अठार रुपैयाँ तीन पैसा मात्र) बोनस सेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

२. विकास बैंकको साधारण सेयर तर्फको चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को १३.५३ प्रतिशतले हुने रकम रु.९५,३४,५०,७१८.०३ (अक्षरेपी पन्चानब्बे करोड चौतीस लाख पचास हजार सात सय अठार रुपैयाँ तीन पैसा मात्र) बोनस सेयर वितरण पश्चात साधारण सेयर तर्फ रु.८,००,०३,८८,७६७.११ (अक्षरेपी आठ अर्ब तीन लाख अठासी हजार सात सय सतसठ्ठी रुपैयाँ एघार पैसा मात्र) र गत वर्ष पारित भएको रु.१,००,००,००,०००.०० (अक्षरेपी एक अर्ब मात्र) को अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी भए पश्चात बैंकको जारी तथा चुक्ता पूँजी रु.९,००,०३,८८,७६७.११ (अक्षरेपी नौ अर्ब तीन लाख अठासी हजार सात सय सतसठ्ठी रुपैयाँ एघार पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

प्रवन्धपत्रमा गरिएको संशोधन सम्बन्धी तीनमहले विवरण :

साविकको व्यवस्था	संशोधित व्यवस्था	संशोधन गर्नुपर्ने कारण
दफा ५ को उपदफा (ख) मा: विकास बैंकको जारी पूँजी रु. ८,०४,६९,३८,०४९.०८ (अक्षरेपी आठ अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति सेयर रु.१००/- का दरले ७,०४,६९,३८०.४९ (सात करोड चार लाख उनन्सत्तरी हजार तीन सय असी दशमलव चार नौ) थान साधारण सेयरमा र १,००,००,०००.०० (एक करोड) थान अग्राधिकार सेयरमा विभाजन गरिएको छ ।	दफा ५ को उपदफा (ख) मा: विकास बैंकको जारी पूँजी रु. ९,००,०३,८८,७६७.११ (अक्षरेपी नौ अर्ब तीन लाख अठासी हजार सात सय सतसठ्ठी रुपैयाँ एघार पैसा मात्र हुनेछ । सो पूँजीलाई प्रति सेयर रु.१००/- का दरले ८,००,०३,८८७.६७ (आठ करोड तीन हजार आठ सय सतासी दशमलव छ सात) थान साधारण सेयरमा र १,००,००,०००.०० (एक करोड) थान अग्राधिकार सेयरमा विभाजन गरिएको छ ।	विकास बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु. ८,०४,६९,३८,०४९.०८ (अक्षरेपी आठ अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) मध्ये अठारौं वार्षिक साधारण सभाबाट पारित रु १,००,००,००,०००.०० (अक्षरेपी एक अर्ब मात्र) बराबरको अग्राधिकार

दफा ५ को उपदफा (ग) मा: विकास बैंकको चुक्ता पूँजी रु. ८,०४,६९,३८,०४९.०८ (अक्षरेपी आठ अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) हुनेछ ।	दफा ५ को उपदफा (ग) मा: विकास बैंकको चुक्ता पूँजी रु. ९,००,०३,८८,७६७.११ (अक्षरेपी नौ अर्ब तीन लाख अठासी हजार सात सय सतसठ्ठी रुपैयाँ एघार पैसा मात्र हुनेछ । सो पूँजीलाई प्रति सेयर रु.१००/- का दरले ८,००,०३,८८७.६७ (आठ करोड तीन हजार आठ सय सतासी दशमलव छ सात) थान साधारण सेयरमा र १,००,००,०००.०० (एक करोड) थान अग्राधिकार सेयरमा विभाजन गरिएको छ ।	सेयर जारी गर्ने क्रममा रहेको र आ.व. २०८१/०८२ को मुनाफाबाट हाल कायम साधारण सेयरधनीहरुलाई १३.५३ प्रतिशत बोनस सेयर वितरण गर्ने प्रस्ताव गरिएकोले ।

३. विकास बैंकको १९ औं साधारण सभामा प्रस्ताव भए बमोजिम हाल कायम चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को १३.५३ प्रतिशतले हुने रकम रु.९५,३४,५०,७१८.०३ (अक्षरेपी पन्चानब्बे करोड चौतीस लाख पचास हजार सात सय अठार रुपैयाँ तीन पैसा मात्र) बोनस सेयर वितरण पश्चात साधारण सेयर तर्फ रु.८,००,०३,८८,७६७.११ (अक्षरेपी आठ अर्ब तीन लाख अठासी हजार सात सय सतसठ्ठी रुपैयाँ एघार पैसा मात्र) र गत वर्ष पारित भएको रु.१,००,००,००,०००.०० (अक्षरेपी एक अर्ब मात्र) को अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी भए पश्चात बैंकको जारी तथा चुक्ता पूँजी रु.९,००,०३,८८,७६७.११ (अक्षरेपी नौ अर्ब तीन लाख अठासी हजार सात सय सतसठ्ठी रुपैयाँ एघार पैसा मात्र) पूँजी पुग्ने भएकोले, नेपाल राष्ट्र बैंकले तोकेको प्रावधान अनुसार यस विकास बैंकलाई **'क'** वर्गको वाणिज्य बैंकमा स्तरोन्नति गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

४. सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको सेवा सुविधा पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव पारित गरियो ।

नियमावलीमा प्रस्तवित संशोधन सम्बन्धी तीन महले विवरण :

साविकको व्यवस्था	संशोधित व्यवस्था	संशोधन गर्नुपर्ने कारण
नियमावलीको दफा २९ (ख) मा : सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकले पाउने बैठक भत्ता क्रमशः रु. १५,०००/- (अक्षरेपी तेह्र हजार मात्र) र रु. १३,०००/- (अक्षरेपी बाह्र हजार मात्र) हुनेछ । अध्यक्ष र सञ्चालकहरुलाई पत्रपत्रिका, टेलिफोन, इन्टरनेट र इन्धन सुविधा वापत मासिक रु. ८,०००/- (अक्षरेपी आठ हजार मात्र) प्रदान गरिनेछ ।	नियमावलीको दफा २९ (ख) मा : सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकले पाउने बैठक भत्ता क्रमशः रु. १८,०००/- (अक्षरेपी अठार हजार मात्र) र रु. १६,०००/- (अक्षरेपी सोह्र हजार मात्र) हुनेछ । अध्यक्ष र सञ्चालकहरुलाई पत्रपत्रिका, टेलिफोन, इन्टरनेट र इन्धन सुविधा वापत मासिक रु. १०,०००/- (अक्षरेपी आठ हजार मात्र) प्रदान गरिनेछ ।	सञ्चालक समितिको जिम्मेवारी अनुरुप सञ्चालकहरुको भत्ता तथा सुविधाहरुमा समसामयिक रुपमा बृद्दि गर्नुपर्ने भएकोले ।

५. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

६. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

१२) **धन्यबाद ज्ञापन तथा साधारण सभा समापन :** विकास बैंकको उन्नाइसौं वार्षिक साधारण सभामा उपस्थित सेयरधनी, अतिथी लगायत आमन्त्रित सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै सभाका अध्यक्षज्यूले उन्नाइसौं बार्षिक साधारण सभाको समापन भएको जानकारी दिनुभयो ।

....	....	....
कम्पनी सचिव	अध्यक्ष	संस्थाको छाप